साइतामा प्रिफेक्चर समाज कल्याण परिषद न.
रेइवा साल महिना तारिख

〈郵便番号〉
〈住所〉
〈借受人姓〉〈借受人名〉
〈貸付コード〉
〈バーコード〉

समाज कल्याण निगम साइतामा प्रिफेक्चर समाज कल्याण परिषद
कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी

# नोभल कोरोनाभाइरस सङ्क्रमणको प्रभावको कारण दिइने आपत्कालीन सानो कोष आदि विशेष कर्जा **ऋण मोचन तथा कर्जा चुक्ता सम्बन्धी जानकारी** Notification of Exemption and Repayment

यस परिषदबाट ऋण दिइरहेको नोभल कोरोनाभाइरस सङ्क्रमण सम्बन्धी आपत्कालीन सानो कोष आदि विशेष कर्जाको सन्दर्भमा भविष्यमा प्रबन्ध गरिने ऋण मोचन र कर्जा चुक्ता सम्बन्धी जानकारी दिन्छौं।

ऋण मोचन र कर्जा चुक्ता सम्बन्धी तलका कागजातहरू राम्रोसँग हेरेर बुझ्नुहुन अनुरोध छ।

तपसिल

## 1. यस पटक पठाइएका कागजातहरू (संलग्न वस्तुहरू)

(1) यो सूचना सहितको ऋण मोचन आवेदनपत्र

画像

(2) **ऋण मोचन पाउन सक्ने विशेष कर्जाको बारेमा (पुस्तिका)**

画像

(3) फिर्ता पठाउने खाम

画像

*P.4 मा भरेको उदाहरण छ।

**(2) को पुस्तिका राम्रोसँग पढेर ऋण मोचनको प्रक्रिया र कर्जा चुक्ताबारे बुझ्नुहुन अनुरोध गरिन्छ।**

**Please read the booklet ②carefully and confirm the procedures for repayment forgiveness and repayment.**

## 2. सम्पर्कका स्थान

**साइतामा प्रिफेक्चर समाज कल्याण परिषद कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी**

**[फोन नम्बर/Contact Number]** **050-2018-1839**

**[सम्पर्क हुने समय /Reception Time]** **सोमबार~शुक्रबार 9:00 ~ 17:00**

**https://www.fukushi-saitama.or.jp/site/problem_33.html**

***Available in several languages for foreigners**

**[अनुरोध]**

- **कागजातहरू कार्यालयमा प्रत्यक्ष स्वीकार गरिनेछैन। कार्यालयमा आफैले ल्याएर कागज प्रक्रिया गर्न नखोज्नुहोस्।**
- **यो सूचना प्राप्त गर्ने बित्तिकै फोनमा सम्पर्क हुन गाह्रो हुन सक्छ।**
- **एक पटक पेस गरेको कागजातहरू फिर्ता गरिनेछैन।**

Sample

(ढाँचा 1-1)

# संयुक्त सहायता कोषको विशेष कर्जासँग सम्बन्धित कर्जा चुक्ता तथा ऋण मोचनको आवेदनपत्र

संयुक्त सहायता कोष (पुनः ऋण) को रकम

***कृपया गाडा रेखाभित्र सबै भर्नुहोस्।**

| | | | |
|---|---|---|---|
| कोषको प्रकार | संयुक्त सहायता कोष (पुनः ऋण) | | |
| ऋणीको नाम | ≪差し込み≫ | | |
| कर्जा रकम | ≪差し込み≫ | मोचनका लागि आवेदित रकम | यसमा पर्ने कोष प्रकारको ऋण मोचनको अधिकतम रकम |
| मोचनका लागि आवेदनको कारण | निवासी करको समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवैमा कर छुट भएकोले। | | |

| | | |
|---|---|---|
| घरपरिवारको अवस्था<br>*कुनै एउटामा ☑ लगाउनुहोस्। | ☐ हाल म (ऋणी) घरपरिवारको मुख्य व्यक्ति हुँ<br>☐ हाल ऋणी बाहेकको व्यक्ति घरपरिवारको मुख्य व्यक्ति हुन् साथै हालको घरपरिवारको मुख्य व्यक्ति ऋण आवेदन दिने बेला ऋणी भन्दा बेग्लै घरपरिवारका थिए<br>☐ हाल ऋणी बाहेकको व्यक्ति घरपरिवारको मुख्य व्यक्ति हो तर घरेलु हिंसाबाट बच्ने जस्ता कारणले घरपरिवारको मुख्य व्यक्तिको आयकर प्रमाणपत्र प्राप्त गर्न नसकिने | ☐ देब्रेपट्टि लेखिएका कुनै कुराहरूसित पनि मेल नखाने खण्डमा |
| आवश्यक कागजात<br>*कागजातहरू तयार गरी ☑ लगाउनुहोस् | ➡ तलका 3 कागजातहरू सबै आवश्यक छन्<br>☐ मोचन आवेदनपत्र (यो कागजात)<br>☐ हालको घरपरिवारका सदस्य सबै उल्लिखित निवासी प्रमाणपत्र (ओरिजिनल) (घरपरिवारको मुख्य व्यक्तिको नाम र सम्बन्ध उल्लेख भएको)<br>☐ **ऋणी**को आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर छुट प्रमाणपत्र (ओरिजिनल) *निवासी करको "**समान कर भुक्तान रकम**" र "**खुद आय अनुसार भुक्तान रकम**" दुवैमा छुट पाएको भनेर लेखिएको | ➡ तलका 3 कागजातहरू सबै आवश्यक छन्<br>☐ मोचन आवेदनपत्र (यो कागजात)<br>☐ हालको घरपरिवारका सदस्य सबै उल्लिखित निवासी प्रमाणपत्र (ओरिजिनल) (घरपरिवारको मुख्य व्यक्तिको नाम र सम्बन्ध उल्लेख भएको)<br>☐ **ऋणी तथा घरपरिवारको मुख्य व्यक्ति**को आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर छुट प्रमाणपत्र (ओरिजिनल) *निवासी करको "**समान कर भुक्तान रकम**" र "**खुद आय अनुसार भुक्तान रकम**" दुवैमा छुट पाएको भनेर लेखिएको |

साइतामा प्रिफेक्चर समाज कल्याण परिषद् परिषद् प्रमुख ज्यू

**म निम्न 6 बुँदाहरूमा सहमत छु र मोचनको लागि आवेदन दिन्छु।**

① यस विशेष व्यवस्थामा ऋण मोचनको निर्णय भएको खण्डमा आत्मनिर्भर परामर्श सहायता संस्थालाई उक्त संस्थाको काममा उपयोग गर्नको निम्ति म आफ्नो व्यक्तिगत जानकारी दिन सहमत छु।

② भरेको व्यक्तिगत जानकारीलाई म यस प्रणालीको लागि आवश्यक हदसम्ममा तेस्रो पक्षलाई उपलब्ध गराउने कुरामा सहमत छु।

③ म साइतामा प्रिफेक्चर समाज कल्याण परिषद्द्वारा यस प्रणालीको लागि आवश्यक हदसम्ममा जापानको राष्ट्रिय समाज कल्याण परिषद्, अन्य प्रिफेक्चरका समाज कल्याण परिषद्हरू, गाउँपालिका वा नगरपालिकाका समाज कल्याण परिषद्हरू, स्थानीय स्वायत्त सरकारी निकायहरू, सार्वजनिक रोजगार सुरक्षा कार्यालयहरू, आत्मनिर्भर परामर्श सहायता संस्थाहरू, घरेलु आर्थिक सुधार सहायता संस्थाहरू जस्ता सम्बन्धित संस्थाहरूसँग खोजी गरी मेरो व्यक्तिगत जानकारी उपलब्ध गराउने कुरामा सहमत छु।

④ म तथा मेरो घरपरिवारका सदस्यहरू हिंसात्मक संगठनको सदस्य होइनन्। म साइतामा प्रिफेक्चर समाज कल्याण परिषद्ले आवश्यकता अनुसार सरकारी निकायहरू आदिबाट म अथवा मेरो परिवारको सदस्य हिंसात्मक संगठनको सदस्य हो वा होइन पत्ता लगाउनको लागि आवश्यक जानकारी माग गर्ने कुरामा सहमत छु। (हिंसात्मक संगठन भन्नाले "हिंसात्मक संगठनका सदस्यद्वारा गरिने अनुचित गतिविधि रोकथाम आदि सम्बन्धी ऐन" दफा 2 को उपदफा 2 मा उल्लेख भए अनुसार "उक्त संगठनको रचनात्मक सदस्य (जसमा उक्त संगठनको रचनात्मक संगठनको रचनात्मक सदस्य समावेश छ) ले सामूहिक रूपमा अथवा नियमित रूपमा हिंसात्मक गैरकानुनी गतिविधि आदि गर्नमा बल पुऱ्याउने खतरा रहेको संगठन" भनी मानिन्छ।)

⑤ छानबिनको परिणाम स्वरूप ऋण मोचनको लागि अमान्य हुन गएमा त्यसको कारण खुलासा नगरिने कुरामा सहमत छु।

⑥ ऋण मोचन प्राप्त गर्ने उद्देश्यले घरपरिवारको मुख्य व्यक्ति परिवर्तन गरेको छैन। साथै ऋण मोचनको निर्णय भएपछि यस आवेदन फारममा उल्लिखित विवरण झुट भएको थाहा हुन आएको खण्डमा वा ऋण मोचनको सर्तसित मेल नखाने भनी थाहा हुन आएको खण्डमा ऋण मोचनलाई खारेज गरिने कुरामा सहमत छु।

रेइवा साल महिना तारिख *यो कागजात भरेको मिति लेख्नुहोस् *माथि प्रिन्ट गरिएको नाम अनुसार हस्ताक्षर गर्नुहोस्।

ऋणीको नाम (हस्ताक्षर)

Borrower's Name(Signature)

फोन नम्बर — *दिनको समयमा सम्पर्क हुने फोन नम्बर लेख्नुहोस्

*आवेदकले निम्न ठाउँहरूमा नभर्नुहोस्।

| * | कोष कोड | कर्जा कोड नं | स्वीकार नम्बर | साइतामा प्रिफेक्चर समाज कल्याण परिषद्ले स्वीकार गरेको मिति | バーコード≪差し込み≫<br>資金コード≪差し込み≫ |
|---|---|---|---|---|---|
| | SX | ≪差し込み≫ | | रेइवा साल महिना तारिख | |

Sample